# नदि किनारका अनधिकृत, जोखिमपूर्ण वस्तीहरु खाली गर्ने सम्बन्धी

## अत्यन्त जरूरी सूचना !

मिति:२०८३/०१/१६ गते जारी गरिएको।

काठमाडौं जिल्ला भित्रका विभिन्न पालिकाहरुका नदि किनाराका वस्ती एंवम् सरकारी, प्रती वा निजी जग्गा समेत अतिक्रमण गरी अनाधिकृत तबरबाट वसोवास भै आएका वस्तीहरु मानवीय हिसावले एवम् विपदको जोखिम समेत मध्यनजर गरी खाली गर्ने कार्य काठमाडौं जिल्ला भरी मिति २०८३ वैशाख १८ गते विहान ७:०० बजे देखि एकै पटक विभिन्न स्थानहरुबाट सुरु हुनेछ।

**अतः यसै सूचनालाई मनन गरी देहायका कार्य तत्काल गर्नु हुन सूचित गरिएको छ।**

१. जोखिमपूर्ण वस्तीमा निर्माण भएका घरटहराहरु तत्काल खाली गर्नुहोला।

२. तपाईको परिवारमा विरामी, अशक्त, वृद्धवृद्धा, गर्भवती, सुत्केरी वा साना बालवालिका छन् भने उनीहरुलाई सर्वप्रथम सुरक्षित तवरबाट अन्यत्र स्थानमा सार्ने कार्य गर्नुहोला ।

३. तपाईको व्यक्तिगत मालसामानहरु, लत्ताकपडा, पशुपंक्षी चौपाय, समेत बाहिर निकाल्नु होला । उक्त बस्तुहरुको ढुवानी गरी अन्यत्र लैजानु पर्ने अवस्थामा नेपाल प्रहरी, सशस्त्र प्रहरी काठमाडौं महानगरपालिका प्रहरी र स्थानीय प्रहरी समेतको मद्दत लिनुहोला।

४. २०८३ वैशाख १७ गते साँझ सम्म पूर्ण रुपमा घर टहरा खाली गर्नु होला।

५. वास्तविक रुपमा आश्रय दिनु पर्ने, आश्रय लिनुपर्ने व्यक्ति र परिवारले नेपाल सरकारले तत्काल व्यवस्थापन गरेको स्थानमा बसोबास र तत्कालको खानपनको व्यवस्था गर्ने छ।

६. वास्तविक भूमिहिन व्यक्ति एवम् परिवारको पहिचान गरी दिगो रुपमा समस्याको समाधान नेपाल सरकारका सम्बन्धित निकायबाट हुनेछ ।

७. तपाईलाई मानवीय सहायता प्रदान गर्दै, उद्धार गर्ने कार्य हुनेछ। कोही कसैको गलत हल्ला, दवाव, प्रभाव वा अफवाहका पछाडी नलाग्नुहोला ।

८. नक्कली एवं अवास्तविक भूमिहिन भनिएका व्यक्ति एवं परिवारको पहिचान गरी कानूनी कारबाहीको दायरामा ल्याइने छ ।

९. याद गर्नुहोस्, तपाईको सुरक्षाका, जिउ ज्यानको रक्षा संविधान प्रदत्त तपाईको हक अधिकार सुरक्षित रहनेछ ।

१०. सरकारको यस अभियानमा सहयोग गर्ने कार्य तपाईको समेत कर्तब्य हो।

११. सरकारले तपाईलाई सहयोग र मद्दत गर्न आएको छ ख्याल गर्नुहोला । तपाईका वालवालिकाको शिक्षाको प्रबन्ध अवश्य गरिनेछ।

१२. यो सूचनालाई अटेर गर्ने व्यक्ति र परिवारलाई समेत नकारात्मक सूचीमा राखिनेछ। घर टहरा भत्काई थप क्षति हुन पुगेमा तपाई जिम्मेवार हुनु हुनेछ।कानूनी कारवाहीको भागिदार बन्नु पर्ला, सचेत हुनुहोस्।

मितिः २०८३/०१/१६ गते।